NEPAL CLEARING HOUSE

नेपाल राष्ट्र बैंकबाट "भुक्तानी प्रणाली सञ्चालक" को कार्य गर्न अनुमतिपत्रप्राप्त संस्था

# तेह्रौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

(पहिलो पटक प्रकाशित हुने मिति २०८१/०९/०७)

श्री शेयरधनी महानुभावहरू,

यस कम्पनीको सञ्चालक समितिको मिति २०८१/०९/०६ मा बसेको २५९औं बैठकको निर्णय बमोजिम यस कम्पनीको तेह्रौं वार्षिक साधारण सभा देहाय बमोजिमका मिति, स्थान र समयमा निम्न विषयहरुमा छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ (२) अनुसार सबै शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, स्थान र समय :-**

**मिति** : २०८१ साल पुस महिना २८, आइतबार (तदनुसार 12th January 2024, Sunday)
**स्थान** : काठमाडौं म्यारियट होटल, नक्साल, काठमाडौं ।
**समय** : बिहान ११:४५ बजे

**छलफल गर्ने विषयहरु :-**

**क. साधारण प्रस्तावः**

१. सञ्चालक समितिको आ.व. २०८०/८१ को प्रतिवेदन पारित गर्ने ।
२. लेखापरीक्षण प्रतिवेदन सहितको २०८१ आषाढ मसान्तसम्मको वासलात तथा सोही मितिमा समाप्त आ.व. २०८०/८१ को नाफा नोक्सान हिसाब तथा नगद-प्रवाह विवरण स्वीकृत गर्ने ।
३. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम १ प्रतिशत नगद लाभांश (रु. १,०६,५७,७३९) बोनस शेयर वापतको कर प्रयोजनका लागि स्वीकृत गर्ने ।
४. आ.व. २०८१/८२ को लागि वाह्य लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने । (वर्तमान लेखापरीक्षक श्री जे.बि. राजभण्डारी एण्ड डिभिन्स् पुनः नियुक्त हुन योग्य रहनु भएकोले लेखापरीक्षण समितिबाट पुनः नियुक्तिको निमित्त सिफारिस भएको ।)
५. सञ्चालकको बैठक भत्ता तथा सुविधा बृद्धि स्वीकृत गर्ने ।
६. कम्पनीको नियमावली अनुसार समूह “ख-१” का शेयरधनीको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने तीन जना सञ्चालकहरुको चयन गर्ने ।

**ख. विशेष प्रस्तावः**

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम १९ प्रतिशत बोनस शेयर (दशमलबलाई राउन्ड गर्दा हुन आउने २०,२४,९७० कित्ता) स्वीकृत गर्ने ।
२. अधिकृत पूँजी वृद्धि गर्न र बोनस शेयर बराबर चुक्ता पूँजी वृद्धि गर्न प्रबन्धपत्रको संशोधन स्वीकृत गर्ने ।
३. नेपाल राष्ट्र बैंकको स्थलगत निरीक्षण प्रतिवेदन, २०८१ मा दिइएका निर्देशनहरुको कार्यान्वयन गर्न नियमावलीको संशोधन स्वीकृत गर्ने ।
४. प्रस्तावित संशोधनमा नियमनकारी निकायहरुबाट कुनै फेरबदल वा सुझाव प्राप्त हुन आएमा आवश्यक फेरबदल गर्न कम्पनीको सञ्चालक समिति वा सञ्चालक समितिले तोकेको कुनै पदाधिकारीलाई अधिकार प्रत्यायोजन गर्ने अख्तियारी दिने ।

**ग. विविध ।**

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

**साधारण सभा सम्बन्धी अन्य जानकारी**

(१) शेयरधनीज्यूहरुको ठेगानामा हुलाक/कुरियरबाट पठाइने वार्षिक साधारण सभाको प्रतिवेदन यस कम्पनीको वेभसाइट www.nchl.com.np मा पनि हेर्न सकिनेछ । कुनै कारणले प्रतिवेदन प्राप्त नगर्नु हुने शेयरधनीज्यूहरूले यस कम्पनीको रजिष्ट्रर्ड कार्यालयमा शेयरधनी प्रमाण-पत्र प्रस्तुत गरी सो प्राप्त गर्न सक्नु हुनेछ ।
(२) लेखापरिक्षकको प्रतिवेदन सहित कम्पनीको वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको प्रतिवेदन, कम्पनी ऐन, २०६३ को दफा ७८ बमोजिमको प्रतिवेदन समेतका कागजातहरु कम्पनीको रजिष्ट्रर्ड कार्यालय, कमलादी काठमाडौंमा कार्यालय समय भित्र निरीक्षण गर्न तथा त्यसको प्रतिलिपी माग गरेमा प्रतिलिपी दिने व्यवस्था मिलाईएको छ ।
(३) सभामा उपस्थित हुने शेयरधनी कम्पनीको प्रतिनिधित्व गर्ने आधिकारिक पत्र साथमा लिई आउनुहुन अनुरोध छ । कथम कदाचित् सो सम्भव नभए शेयरधनी प्रमाण-पत्र साथमा लिई आउनुहुन अनुरोध छ, अन्यथा सभाकक्ष भित्र प्रवेश गर्न पाइने छैन ।
(४) सभामा भाग लिन प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीज्यूहरूले सभा सुरु हुने समय भन्दा कम्तीमा ४८ घण्टा अगावै यस कम्पनीको केन्द्रीय कार्यालयमा प्रोक्सी फारम दर्ता गरिसक्नु पर्नेछ । सभामा भाग लिनका लागि प्रतिनिधि नियुक्त गरिसकेपछि उक्त प्रतिनिधि बदर गरी अर्कै मुकर्रर गर्ने भएमा सोको लिखित सूचना सोही अवधिभित्र कम्पनीको केन्द्रीय कार्यालयमा दर्ता गरिसक्नुपर्नेछ ।
(५) शेयरधनीज्यूहरुको सुविधाको लागि हाजिरी पुस्तिका सभास्थलमा सभा हुने दिन बिहान ११:३० बजे देखि सभा चालु रहेसम्म खुल्ला रहनेछ ।
(६) अन्य कुनै जानकारीका लागि कम्पनीको रजिष्टर्ड कार्यालय, कमलादी, काठमाडौंमा सम्पर्क गर्नु हुन अनुरोध छ ।

## नेपाल क्लियरिङ्ग हाउस लिमिटेड

तेश्रो तल्ला, डि. डि. प्लाजा, कमलादी, काठमाडौं
पो.ब.नं. २१४००, फोन नं. ०१-५९७००६५
**www.nchl.com.np**

Size: 4x28